नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौ

## सिलवन्दी राष्ट्रिय वोलपत्र आव्हानको सूचना

सूचना नं. १७/०७३/०७४

प्रथम पटक प्रकाशन मिति २०७४/०३/२६ गते।

यस अस्पताललाई आ.व.२०७४/०७५ मा आवश्यक पर्ने औषधी, औषधिजन्य सामग्री र कार्यालय सन्चालन तथा मर्मत सम्भारतर्फका तपसिलमा उल्लेखित सामानहरू खरिद गर्नु पर्ने भएकोले सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था तथा कम्पनीहरुवाट रीतपुर्वक राष्ट्रिय सिलवन्दी बोलपत्र आव्हान गरिएको छ।

### बोलपत्र सम्बन्धी विवरण:

औषधी तथा औषधीजन्य सामान तर्फ :

| सि.नं. | सामानको नाम | परिमाण | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र मान्य अविध | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | औषधी (ए) | वोलपत्र फारमको आवश्यकता सम्बन्धी विवरण तालिकामा उल्लेख भए अनुसार | १५१५००।- | रु.५,०००।- | बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | २०७४/०४/२५ गते कार्यालय समय भित्र | २०७४/०४/२६ गते १२:०० वजे भित्र | २०७४/०४/२६ गते १४:०० वजे |
| २. | औषधी (बि) | | २१००००।- | | | | | |
| ३. | औषधी (सी) | | ५८१०००।- | | | | | |
| ४. | औषधी (डि) | | ७५००००।- | | | | | |
| १ | सर्जिकल सामान | वोलपत्र फारमको आवश्यकता सम्बन्धी विवरण तालिकामा उल्लेख भए अनुसार | ६९५००।- | रु.५,०००।- | बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | २०७४/०४/२६ गते समय भित्र | २०७४/०४/२७ गते कार्यालय १२:०० वजे भित्र | २०७४/०४/२७ गते १४:०० वजे |
| २ | प्याथोलोजी सामान | | २५५०००।- | | | | | |
| ३ | डेन्टल सामान | | ८०५००।- | | | | | |
| ४ | सुचर सामान | | ४४०००।- | | | | | |
| ५ | अर्थोपेडिक सामान | | १०००००।- | | | | | |
| ६ | एक्सरे सामान | | १३३०००।- | | | | | |
| ७ | एम. आर. आई. फिल्म | | ५४५००।- | | | | | |
| ८ | मेडिकल अक्सिजन | | ९८५००।- | | | | | |

कार्यालय सन्चालन तथा मर्मत सम्भार तर्फ

| सि.नं. | सामानको नाम | परिमाण | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र मान्य अविध | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| समुह क | छपाई | वोलपत्र फारमको आवश्यकता सम्बन्धी विवरण तालिकामा उल्लेख भए अनुसार | ४४०००/- | रु.३,०००/- | बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | २०७४/०४/२७ गते कार्यालय समय भित्र | २०७४/०४/२९ गते १२:०० वजे भित्र | २०७४/०४/२९ गते १४:०० वजे |
| समुह ख | सरसफाई तथा अन्य सामानहरु | | ६८०००/- | | | | | |
| समुह ग | लत्ता कपडा | | ३७०००/- | | | | | |
| समुह घ | मसलन्द सामानहरु | | २१०००/- | | | | | |
| समुह ङ | ईलेक्ट्रीक सम्बन्धि सामानहरु | | ४३०००/- | | | | | |
| समुह च | प्लम्विङ्ग, रंग रोगन तथा कार्पेन्ट्री सम्बन्धी सामानहरु | | ६३०००/- | | | | | |
| समुह छ | सवारी साधन मर्मत तथा पार्टपुर्जाहरु | | ८५०००/- | | | | | |

१. तोकिएको शुल्क तिरी उल्लिखित समय भित्र लिखित निवेदनसहित कारोबार दर्ता तथा नविकरण प्रमाणपत्र, मु.अ.कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व. ०७२/०७३ को करचुक्ता प्रमाणपत्रको नोटरी पब्लीकवाट प्रमाणित प्रतिलिपिसमेत संलग्न राखी यस अस्पतालको प्रबन्ध शाखा, आर्थिक प्रशासन शाखा र कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाण्डौंवाट वोलपत्र फाराम खरिद गर्नसकिने छ।

२. दर्ता गर्ने अन्तिम मिति र समय भित्र तोकिएका बोलपत्र जमानत, वोलपत्र फारममा उल्लिखित कागजातसमेत सिलवन्दी बोलपत्र यस अस्पतालको प्रबन्ध शाखा र आर्थिक प्रशासन शाखामा दर्ता गरिसक्नु पर्ने छ।

३. सिलबन्दी बोलपत्र दाखिल गर्ने अन्तिम दिन १४:०० बजे उपस्थित बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता तथा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। बोलपत्र दर्ता गर्ने अन्तिम

दिन तथा खोलिने दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लिखित स्थान र समयमा बोलपत्रहरु खोलिने छ। निर्धारित मितिमा कारणवश वोलपत्र नखोलिएमा वोलपत्र र वोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मितिदेखि नै गरिने छ।

४. बोलपत्र फारामसाथ तोकिएको जमानत रकममा नघटाई "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैङ्कबाट नियमानुसार जारी भएको जमानतपत्र वा कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क ठमेल स्थित एकल धरौटी खाता नं. ११००२०३ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर पेस गर्नुपर्ने छ। बैङ्क जमानत वोलपत्र मान्य अवधि भन्दा कम्तीमा ३० दिन बढी (१२० दिन) अर्थात् औषधि तथा औषधिजन्य सामानतर्फको सि.नं. १ देखि ४ सम्मको लागि कम्तीमा मिति २०७४।०८।२१ गतेसम्म, औषधि तथा औषधिजन्य सामानतर्फको वाँकी प्याकेजको लागि मिति २०७४।०८।२२ गतेसम्म र कार्यालय सञ्चालन तथा मर्मत तर्फ कम्तीमा मिति २०७३।०८।२४ गतेसम्म मान्य हुनुपर्ने छ।

५. रीत नपुगी वा बोलपत्रहरुको सूचनामा निर्धारित समय नाघि पेस हुनआएको सिलबन्दी वोलपत्र उपर कारबाही गरिने छैन।

६. बोलपत्र सम्बन्धी कागजात लगायतका अन्य विषयमा छलफल गर्न मिति **२०७४।०४/१६ गते सोमवार १३:०० बजे** यस अस्पतालमा प्रि–बिड मिटिङ्गको आयोजना गरिने र उक्त मिटिङमा सामानको गुणस्तर तथा आपूर्तिका सर्तहरु सम्बन्धी विशेष जानकारी गराईने हुँदा उक्त मिति अगावै वोलपत्र फारम खरिद गरी मिटिङ्गमा सहभागी हुन जानकारी गराईन्छ ।

७. वोलपत्रदाताले सबै समूह, आँशिक वा कुनै एक समूहको लागि मात्र पनि बोलपत्र पेस गर्नसक्ने छन्। तर समूह भित्रको प्रत्येक आईटमहरुको वोलकवोल अङ्क अनिवार्य रूपमा पेस गर्नुपर्ने छ। वोलपत्रहरु प्याकेजमा मूल्याङ्कन गरी प्याकेज मै स्वीकृत गरिने छ।

८. सार्वजनिक खरिद अनुगमन कार्यालयको Portal www.bolpatra.gov.np बाट e-bidding को कार्य गरिने हुँदा web मा Login गरी प्राप्त निर्देशन अनुसार ईच्छुक बोलपत्रदाताले e-submission गर्न सक्नेछन्।

९. प्रचलित ऐन वमोजिम कालो सुचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनी संचालकले नयाँ फर्म, संस्था वा कम्पनी खोली कारोवार गरेको भए त्यस्ता फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न सक्ने छैनन्।

१०. वोलपत्र सम्बन्धी अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरिए वमोजिम हुनेछन्।

११. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ (संसोधन सहित) र सार्वजनिक खरीद नियमावली २०६४(संसोधन सहित) बमोजिम हुनेछ।

१२. यस अस्पतालको फोन नं. ०१–४४१२५३० मा सम्पर्क गरी वा फार्मेसी/प्रवन्ध/आर्थिक प्रशासन शाखावाट बोलपत्र सम्बन्धी थप जानकारी लिन सकिने छ।

१३. यो सूचना नेपाल प्रहरीको website www.nepalpolice.gov.np , यस अस्पतालको website www.nph.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.ppmo.gov.np मा पनि हेर्न सकिने छ।